# उद्धार उडानबाट आउने यात्रुलाई होटल क्वारन्टीनमा राख्ने सम्बन्धी व्यवस्था

१. होटल संघ नेपाल र होटल व्यवसायी महासंघले क्वारन्टीनस्थलको रुपमा प्रयोग गर्ने होटलले कम्तीमा निम्न मापदण्ड पुरा गरेको हुनुपर्नेछ र त्यस्ता होटलमा मात्र क्वारन्टीनको लागि प्रयोगमा ल्याउन पर्नेछ।

क. कम्तीमा २० कोठा भएको।

ख. स्वास्थ्य सम्बन्धी तोकिएको मापदण्ड पालना गर्ने गरी होटल परिसरको छुट्टै गेट वा कम्पाउण्ड भएको र सके सम्म घुमफिर गर्न सक्ने खुला ठाउँ र बगैंचा भएको हुनुपर्ने।

ग. होटल क्वारन्टीनमा रहेका हवाइ यात्रुहरुलाई सेवा प्रदान गर्न (खाना, पानी अन्य लजिष्टिक सपोर्ट) र स्वाव परीक्षणको नमुना संकलनको लागि पर्याप्त खुला ठाउँ भएको हुनुपर्ने।

घ. होटलमा टिभी, वाइफाइ, रुममा अनिवार्य भएको हुनुपर्ने।

ङ. होटलको रुममा अटयाच ट्वाइलेट र नुहाउन तथा पिउन तातोपानीको व्यवस्था भएको हुनुपर्ने।

च. होटलमा खाना तथा अन्य सेवाहरु कोठामा वा प्यासेजमा मात्र प्रदान गर्न पाइने।

छ. होटलको प्रत्येक प्रस्थान कक्षमा साबुन पानीले हात धुने व्यवस्थाका साथै स्यानिटाइजरको व्यवस्था भएको हुनुपर्ने।

ज. होटलले प्रदान गर्ने सेवाहरु सामूहिक रुपमा खाना खाने स्थल बुफे, जिम, साउना, इन्डोर तथा आउटडोर गेम पूर्ण रुपमा बन्द गर्ने।

झ. प्रत्येक कोठमा एक हप्ता पुग्ने गरी सावुन, टुटपेष्ट, ब्रस, हेण्डवास र टावेल हुनुपर्ने ।

२. उद्धार उडानबाट आउने हवाइ यात्रुहरुलाई होटल क्वारन्टीनमा सात दिनका लागि राख्ने प्रयोजनका लागि होटल एसोसियसन नेपाल र होटल व्यवसायी महासंघ सम्बद्ध होटलहरुमा निम्न दररेटमा पाहुनाहरु राख्ने।

**क. इकोनोमी/पर्यटकस्तर होटलमा सात रात र आठ दिनको लागि (७ रात ८ दिनको प्याकेज):**

दुइ जना वस्ने कोठाको लागि प्रति व्यक्ती एकमुष्ट ११०००।०० एघार हजार मात्र (फिर्ता नहुने)

एक जना वस्ने कोठाको लागि एकमुष्ट १७५००। सत्र हजार पाँचसय मात्र (फिर्ता नहुने)

* यो अवधि भन्दा वढी बस्नु परेमा इकोनोमी/पर्यटकस्तर होटलमा दुइ जना बस्नको लागि प्रतिव्यक्ति प्रतिदिन रु. १५००।- र एकजना बस्नको लागि रु. २५००।- प्रतिदिन थप शुल्क लाग्ने छ ।

**ख. स्टार/बुटिक होटल**

एक जना वस्ने कोठाको लागि ४०००।०० चार हजार मात्र का दरले सात दिन)

दुइ जना वस्ने कोठाको लागि प्रतिव्यक्ति २५०० दुईहजार पाँचसय मात्र का दरले सात दिन)

(उल्लेखित सवै स्तरका होटल शुल्कमा एयरपोर्ट/होल्डिङ सेन्टरबाट सम्बन्धित होटलसम्म पिकअप समेत समावेश छ।)

३. उद्धार उडानबाट आउने हवाइ यात्रुहरुले हवाइ टिकटसँगै निम्न रंगको होटल भौचर साथमा लिइ आउनु पर्ने।

क. इकोनोमी/पर्यटकस्तर होटलः

हरियो रंगमा Single or Double Occupancy

ख. स्टार/बुटिक होटलः

निलो रंगमा Single or Double Occupancy

ग. तीन तारास्तर वा सो भन्दा माथिल्लो तारास्तरको होटलः

बैजनी (Pink) रंगमा तीन, चार वा पाँच तारास्तर स्पष्ट खुलाई Single or Double Occupancy

४. हवाइ यात्रु क्वारन्टीनमा राखे वापत होटलले पाउने भुक्तानी यात्रु चेक आउट अगावै पाउने गरी अनिवार्य भुक्तानीको व्यवस्था मिलाउन सम्बन्धित वायु सेवा कम्पनीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत् निर्देशन दिने व्यवस्थाका लागि अनुरोध गरी पठाउने।

५. देहायको बारमा संस्थाले चार्टर उडानबाट आउने यात्रुहरुको विमानस्थलदेखि होटलसम्मको व्यवस्थापन गर्नु पर्नेछ।

| आइतबार | सोमबार | मंगलबार | बुधबार | विहिबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|
| नेपाल होटल संघ | होटल व्यवसायी महासंघ | नेपाल होटल संघ | होटल व्यवसायी महासंघ | नेपाल होटल संघ | होटल व्यवसायी महासंघ | नेपाल होटल संघ |

६. तीनतारे वा सोभन्दा माथिल्लोस्तरको होटलमा जान चाहने यात्रुहरुलाई नेपाल होटल संघ र होटल व्यवसायी महासंघका विमानस्थल प्रतिनिधिले समन्वय गरी व्यवस्थापन गर्नु पर्नेछ।

महानिर्देशक